नेपालमा प्रारम्भिक बाल सिकाइ तथा विकास मापदण्डको निर्माण र यसको प्रयोग : एक विवेचना

देविना प्रधानाङ्ग, निर्देशक, शैक्षिक जनशक्ति विकास केन्द्र
किशोर श्रेष्ठ, प्राध्यापक, सेरिड, त्रिभुवन विश्व विद्यालय

लेख सार

सबैका लागि शिक्षा कार्यक्रमको सुरुआतदेखि प्रारम्भिक बाल विकास कार्यक्रमअन्तर्गत विद्यालयमा आधारित र समुदायमा आधारित दुवै किसिमका केन्द्रहरूको स्थापना द्रुतत्तर रूपमा भएको अवस्था छ। यस अवस्थामा बाल विकास कार्यक्रमको मर्मअनुसार बाल बालिकाको सर्वाङ्गिण विकास भए नभएको लेखाजोखा गर्ने मापनको आवश्यकता महसुस गरिएको थियो। त्यस परिप्रेक्ष्यमा यस्ता लेखाजोखा गर्ने तरिका र मापकको ठोस सूचक नभएको अवस्थामा कार्यक्रमको मूल्याङ्कन स्थापित केन्द्रको सङ्ख्या, भर्ना दर र कार्यक्रममा संलग्न भएर कक्षा १ मा भर्ना सङ्ख्या भित्रमात्र सीमित रहेको अवस्था थियो। यी तथ्याङ्कहरूलाई हेर्दा बाल विकास कार्यक्रमको जुन मकसद हो सो पुरा भए नभएको एकिन गर्न असहज थियो भने कार्यक्रम सञ्चालनको परिस्थितिमा सहजकर्ताले केन्द्रका बालबालिकाहरूलाई के गराउने ? कसरी गराउने ? के मूल्याङ्कन गर्ने ? कसरी मूल्याङ्कन गर्ने ? बारे अन्यौलमा रहेर सबैभन्दा सजिलो उपाय किताब पढाउने र जाँच लिनेमा केन्द्रित हुन पुग्यो। वास्तवमा बाल विकास केन्द्रमा बालबालिकाको शारीरिक, मानसिक, सामाजिक र संवेगात्मक विकास हुनुपर्ने र यसै विकासको गतिले सिक्नको लागि सिकाउने अवधारणामा बाल सिकाइ तथा विकास मापदण्ड निर्माण गरिएको हो।

पृष्ठभूमि

विगत केही वर्षदेखि संसारका विभिन्न देशहरूमा "प्रारम्भिक बाल सिकाइ तथा विकास" मापदण्डहरूको निर्माण गर्ने कार्य तीव्र गतिमा भैरहेको छ। यसै क्रममा नेपालमा पनि प्रारम्भिक बाल सिकाइ तथा मापदण्ड निर्माण गरी प्रयोगमा ल्याइएको छ। हुन त प्रारम्भिक बाल विकास कार्यक्रमले समेट्ने सबै उमेर समूहका लागि उमेर अनुसार छुट्टाछुट्टै मापदण्डहरू निर्माण हुनुपर्ने भए तापनि हाललाई ४८ देखि ६० महिना अर्थात् ४ वर्ष उमेर समूहका बालबालिकाहरूका लागि मात्रै यो मापदण्ड निर्माण गरिएको छ। यो मापदण्ड नेपाल सरकार शिक्षा मन्त्रालय, शिक्षा विभागद्वारा युनिसेफ नेपालको सहयोग निर्माण भएको हो। यसको निर्माणमा प्रारम्भिक बाल विकाससँग सम्बद्ध थुप्रै सङ्घ संस्था एवम् विशेषज्ञहरूको सहयोग र प्रत्यक्ष संलग्नता रहेको थियो।

यस लेखमा प्रारम्भिक बाल सिकाइ तथा विकास मापदण्ड भनेको के हो ? यो किन निर्माण गरियो ? नेपालमा यो कसरी निर्माण गरिएको थियो ? तथा नेपालमा यसको प्रयोगबारे के भैरहेको छ भन्ने बारे चर्चा गरिएका छन्।

यो के हो ?

प्रारम्भिक बाल सिकाइ तथा विकास मापदण्ड एक निश्चित उमेर समूहका बालबालिकाहरूका लागि बनाइन्छ र यो मापदण्ड उक्त उमेर समूहका सम्पूर्ण बालबालिकाहरूले जान्नै पर्ने र गर्न सक्नुपर्ने क्षमताको स्तरीकरणका लागि विकास गरिएको राष्ट्रिय मापदण्ड हो। अतः नेपालमा निर्माण गरिएको यस मापदण्डले नेपाल अधिराज्यभरका हिमाल, पहाड, तराई, उपत्यकामा रहेका ४८ देखि ६० महिना उमेर समूहका सम्पूर्ण बालबालिकाहरूले जान्नुपर्ने ज्ञान र गर्न सक्नुपर्ने क्षमताहरूको फेहरिस्त प्रस्तुत गरेको छ। यो बाल सिकाइ तथा विकास मापदण्डलाई सर्सति हेर्ने हो भने उक्त उमेर समूहका विकासात्मक उपयुक्त सिकाइ र विकासका स्तर र सो स्तर मापन गर्ने एक प्रकारको सूचक पनि हो।

यो किन निर्माण गरियो ?

नेपालमा प्रारम्भिक बाल विकाससँग विभिन्न दस्तावेजहरू (जस्तैः नीति नियम, योजना, पाठ्यक्रम,

कार्यक्रम कार्यान्वयन, निर्देशिका, शिक्षक तालिम पुस्तिका, बाल विकास केन्द्रको न्यूनतम मापदण्ड आदि) विभिन्न समयमा निर्माण भई लागु भएका छन्। विगत दुई दसक अघिसम्म नगण्य सङ्ख्यामा रहेको बाल विकास केन्द्रहरूको सङ्ख्या हाल वर्षहरू वृद्धि भई करिब ३० हजारको सङ्ख्या पुगिसकेको छ। त्यसैगरी केही हजार बलबालिकाहरूले पाउने गरेको प्रारम्भिक बाल विकासको सेवा अब लाखौंको सङ्ख्यामा बालबालिकाहरूले पाउन थालेका छन्। त्यसैगरी प्रारम्भिक बालविकासको क्षेत्रमा काम गर्ने सरकारी, गैर सरकारी, अन्तर्राष्ट्रिय गैर सरकारी संस्था एवम् निजी क्षेत्रको संलग्नता पनि बढ्दो क्रममा छ। यस क्रममा बालबालिकाहरूलाई दिइएका/पुऱ्याइएका सेवाहरूबाट बालविकासकै सिद्धान्त र अभ्यासको आधारमा यसको प्रतिफल मापन गर्न एक आधारको आवश्यकता महसुस भएको अवस्था छ। बालविकासका विभिन्न कार्यक्रमहरूको तर्जुमा भैरहेको क्रममा कार्यक्रमको उपादेयता कार्यक्रमको उपलब्धि र कार्यक्रमले अपेक्षा गरेका कुराहरूलाई औजारको रूपमा प्रयोगमा ल्याई बालविकास कार्यक्रमले ल्याएको प्रभावलाई प्रष्ट्याउन यो मापदण्डको निर्माण गरिएको हो। यसरी परिप्रेक्ष्यमा नेपालमा प्रारम्भिक बाल सिकाई तथा विकास मापदण्ड निर्माण गर्नुका कारणहरू निम्नानुसार छन् :

१. एक रूपता कायम गर्न

विभिन्न क्षेत्रमा बालविकास कार्यक्रम आ-आफ्नै ढङ्गले सञ्चालन भैरहेको अवस्थाले गर्दा बालकेन्द्रित उपलब्धीभन्दा संस्था र क्षेत्रको आफ्नो किसिमको अवधारणाले सञ्चालन भैरहेको अवस्था छ। प्रायः सङ्घ संस्था र क्षेत्रहरूले आफूलाई संलग्न र अस्तित्व जगाउन मनपरी कार्यक्रम सञ्चालन गराइरहेको अवस्था पनि छ। तर जुनसुकै निकायद्वारा सञ्चालन गरेको भए तापनि र जुनसुकै ठाउँमा सञ्चालन भएको भए तापनि नि बाल विकास कार्यक्रमले समेटेका सम्पूर्ण बालबालिकाहरूले यसमा उल्लेखित मापदण्डहरू पूरा गर्नु पर्ने भएको हुँदा नेपालमा सञ्चालित सबै किसिमका बालविकास सेवाहरूमा एक रूपता कायम हुने विश्वास गरिन्छ।

२. गुणस्तर अभिवृद्धि गर्न

बालविकासको गुणस्तर भन्नु नै बालबालिकाको उमेर अनुसार सर्वाङ्गिण विकासमा जोड दिने हो। अतः यस दस्तावेजमा बाल विकासका विभिन्न पक्षहरू (जस्तैः शारीरिक, सामाजिक, संवेगातमक, बौध्दिक, भाषिक र सांस्कृतिक विकास) सँग सम्बन्धित क्षेत्र, उपक्षेत्र, विशेष पक्ष र तिनका मापदण्डहरूका साथै प्रत्येक मापदण्डका सूचक एवम् प्रस्तावित सिकाइ वातावरण तथा क्रियाकलापहरू पनि उल्लेख हुनाले सबै किसिमका बाल विकास कार्यक्रमहरू बालबालिकाहरूको सर्वाङ्गिण विकासतर्फ उन्मुख हुने र प्रारमिभक बाल विकास सेवाहरूको गुणस्तर अभिवृदधि हुनेछ।

३. पाठ्यक्रम सुधार एवम् परिमार्जन गर्न

यस मापदण्डलाई सुरुवात गर्न राष्ट्र र बालबालिकाप्रतिको दूरदृष्टि (vision) राख्नु पर्ने अवस्था हुन्छ। यिनै Vision को आधारमा समाजको मापदण्ड बन्ने भएकोले यसैलाई आधार मानि निश्चित उमेर समूहका बालबालिकाहरूले सिक्नुपर्ने सम्पूर्ण ज्ञान र हासिल गर्नुपर्ने सिपहरूको विस्तृत विवरण उल्लेख हुने हुनाले अब उप्रान्त नेपालमा प्रारम्भिक बाल विकासका पाठ्यक्रम परिमार्जन गर्नमा यो एउटा महत्त्वपूर्ण दस्तावेज सावित हुनेछ।

४. शिक्षक तालिम एवम् शिक्षण सिकाइ क्रियाकलाप सुधार ल्याउन

प्रभावकारी बाल सिकाइको लागि शिक्षक दक्षता आवश्यक पर्छ। यिनै दक्षताका लागि तालिम आवश्यक पर्छ। बालबालिकाका सर्वाङ्गिण विकासका लागि बनाइएको यस मापदण्डमा उल्लेखित विषयवस्तुहरू सम्बन्धित विशेषज्ञहरूको प्रत्यक्ष संलग्नतामा तयार भएर सबै थरिका सरोकारवालाहरूको राय समेत लिई परिमार्जन गर्नुका साथै नेपालका हिमाल, पहाड र तराईमा बसोबास गर्ने विविध भाषाका बालबालिकाहरूमा प्रयोग समेत गरी अन्तिम रूप दिइएको हुँदा यो दस्तावेजले शिक्षक तालिमको पाठ्यक्रममा सुधार ल्याउन तथा समग्र रूपमा शिक्षण सिकाइ क्रियाकलापमा सुधार ल्याउन मद्दत पुग्ने छ।

५. अभिभावकहरूको ज्ञान र सिप अभिवृद्धि गर्न

बालबालिकाको सर्वाङ्गीण विकास सहजकर्ता मात्र नभई अभिभावकको पनि दायित्व हो। अतः यस दस्तावेजमा भएका विषयवस्तुहरू प्रारम्भिक बालविकास केन्द्रमा कार्यरत सहयोगी कार्यकर्ता वा शिक्षकहरूको लागि उपयोगी नभई, यो समष्टिगत रूपमा सबै आमाबाबु वा अभिभावकहरूले जान्नुपर्ने कुराहरू हुन्। अतः बालविकास केन्द्रमा आफ्ना बालबालिकाहरूलाई भर्ना गरेका वा नगरेका सबै अभिभावकहरूको प्रारम्भिक बालविकाससम्बन्धी ज्ञान र सिप अभिवृद्धि गर्नमा यसले मद्दत गर्नेछ।

६. पूर्व प्राथमिक र प्राथमिक तहको शिक्षामा समन्वय कायम गर्न

अन्तर्राष्ट्रिय रूपमा र हाम्रो देशको परिभाषा अनुसार पनि प्रारम्भिक बाल विकास भनेको बच्चा गर्भमा आएदेखि ८ वर्षसम्मको उमेर समूहलाई मानिआएको छ। तर ५ वर्षको उमेरमा बालक कक्षा १ म भर्ना हुन जाने गरेको र त्यसभन्दा मुनिका बालबालिकाहरू प्रारम्भिक बाल विकास केन्द्र वा पूर्व प्राथमिक कक्षामा हुन्छन्। पूर्व प्राथमिक कक्षा वा बालविकास केन्द्र र प्राथमिक विद्यालयको पहिला वर्षहरूमा राम्रो तालमेल र समन्वयको अभावमा बालबालिकाहरूको सिकाइ एवम् विकासमा अपेक्षित प्रगति हासिल गर्न सकिँदैन। तर प्रारम्भिक बाल सिकाइ र मापदण्डको निर्माण गर्दा प्राथमिक तहको कक्षा १ मा भर्ना हुनालई के कस्ता ज्ञान र सिपहरू आवश्यक हुन्छ भन्ने कुरालाई पनि ध्यान दिएर निर्माण गरिएको र यस दस्तावेजले प्राथमिक शिक्षकहरूलाई कक्षा १ मा भर्ना हुन अगावै आफ्नो कक्षाका बालबालिकाहरूले के कस्ता ज्ञान र सिपहरू सिकेर आएका छन् भन्ने कुरा थाहा दिने भएकोले पूर्व प्राथमिक र प्राथमिक शिक्षाको बिचमा तालमेल र समन्वय कायम गर्न सहज बनाउने छ।

यो कसरी निर्माण भएको थियो ?

प्रारम्भिक बाल सिकाइ तथा विकास मापदण्डको विकासको क्रममा केही चरणहरू आवश्यक पर्छ। यी चरणहरू क्रमिक रूपले सञ्चालन हुने गर्छ। साथै यसलाई राष्ट्रिय मापदण्डको रूपमा स्वीकार्न देशव्यापी रूपमा रहेका बालबालिकाको लागि उपयुक्त हुनुपर्ने सिद्धान्तलाई पनि नकार्न मिल्ने अवस्था थिएन। यस कार्य सुरूवात गर्न ६ जनाको एक समूहलाई बाल सिकाइ तथा विकास मापदण्ड के ? किन ? र कसरी ? भन्ने बारेमा जानकारी दिने काम गरिएको थियो। यिनै समूह ६ लाई बाल सिकाइ तथा विकास मापदण्ड निर्माण गर्न जिम्मेवारी दिई शिक्षा विभागको बाल विकास शाखालाई समन्वय गर्न तोकियो।

सर्वप्रथम यस्तो मापदण्ड निर्माण गर्न सर्वप्रथम यस उमेरका बालबालिकाप्रतिको मूल्य मान्यता पत्ता लगाइएको थियो। यस मूल्य मान्यतालाई स्वीकार्न अघि सर्वप्रथम सानो समूहले धेरै मूल्य मान्यताहरूलाई टिपोट गरियो। ती टिपोटहरूमध्ये केही छनोट गर्नु थियो। जुन छनोट एउटा कार्यशालाबाट गरियो। यस कार्यशालामा विभिन्न क्षेत्र- स्वास्थ्य, शिक्षाका कार्यकर्ता, विशेषज्ञहरू तथा सम्बन्धित उमेरसँग काम गर्ने सहजकर्ताहरू, प्रिन्सिपलहरू, स्वास्थ्यकर्मीहरू, शिक्षकहरू साथै बालबालिकाका अभिभावकहरू संलग्न थिए। यसरी छनोट गर्दा प्रारम्भिक बालबालिकाहरू सम्बन्धीको दर्सन सर्वाङ्गिण विकास तथा प्राथमिक विद्यालयको तयारीलाई पनि दृष्टिगत गरी ५ ओटा मूल्य मान्यतालाई अघि सारियो। तिनै मूल्य मान्यतालाई केन्द्रमा राखी के कस्ता पक्षहरूलाई समेटिनु पर्ला भन्ने बारेमा पनि कार्यशालाबाट नै निक्यौंलमा ल्याउने काम गरियो। त्यसपछि कार्यशालाबाट दिएका पक्ष, क्षेत्रहरूबाट टिपोट गरिएका मूल्य मान्यतालाई समेटिन्छ समेटिँदैन भन्ने बारे विशेषज्ञका सानो समूह बिचमा छलफल गरी अन्त्यमा सिकाइ तथा विकासका लागि आवश्यक पक्ष/क्षेत्रलाई अन्तिम रूप दिइयो। यस कार्यपश्चात् अन्तिम रूपमा स्वीकारिएका मूल्य मान्यता तथा पक्ष/क्षेत्रलाई निर्णय तहका समूहको कार्यशालामा प्रस्तुत गरी उक्त समूहबाट पनि अनुमोदन गराइयो। साथै सोही कार्यशालामा राष्ट्रिय सिकाइ तथा विकास मापदण्ड निर्माण गर्न आवश्यक चरण र सिद्धान्तलाई जानकारी गरियो। यी कार्यहरू गर्न प्रारम्भिक बाल सिकाइ र विकास मापदण्ड निर्माण सिद्धान्तबारे जानकारी भएका अन्तरराष्ट्रिय परामर्शदाताको

सहयोग पनि लिइएको थियो। उनकै माध्यमबाट लेखन समूह, निर्क्यौल गर्न अघि लेखन गर्न सम्भाव्य समूहलाई छुट्टै परिचयात्मक कार्य गरिएको थियो। यस कार्यशालामा लेखनका प्रक्रिया, लेखन गर्दा ध्यान दिनुपर्ने सानाभन्दा साना आधारहरू बारेमा स्पष्ट पारिएको थियो। त्यसपछि शिक्षा विभागको नेतृत्वमा लेखन समूहको निर्क्यौल गरियो। तीन समूहमा लेखकहरूलाई विभाजन गरी प्रत्येक समूहमा २/२ क्षेत्र/पक्षको विषयमा लेखन गर्ने कार्य गरियो। यस क्रममा प्रत्येक समूहले आ-आफ्ना सानो समूहमा बसेर आफ्नो उपयुक्त समय र स्थान चयन गरी मुख्य क्षेत्रभित्र रहने उपक्षेत्र, विशिष्ट पक्ष, मापदण्ड/स्तर सूचक तथा सिकाइ वातावरण तथा क्रियाकलापहरू लेखिएको थियो।

लेखन कार्य सुरू गर्न अगावै लेखन समूहलाई मापदण्ड, सूचक तथा सिकाइ वातावरण तथा क्रियाकलाप लेखनका लागि आवश्यक सिद्धान्त बारेमा प्रशिक्षकबाट प्रशिक्षित गरिएको थियो। स-साना समूहमा बसेर लेखन र छलफल पश्चात् ठूलो समूह अर्थात् प्रत्येक पक्षका लेखन समूहका बिच पुनः छलफल गरी यसका लागि आवश्यक सुझावहरू साथै स-साना समूहले लेखिएका सिकाइ तथा विकासका मापदण्ड, स्तर आपसमा सामञ्जस्य र नदोहोरिने किसिमले बनाउन छलफल गरियो। विभिनन चरणमा पटक पटक छलफलबाट पहिले चयन गरिएका ६ पक्षहरूलाई ५ पक्षमा समेट्ने गरी मापदण्ड/स्तर, सुचक र सिकाइ वातावरण तथा क्रियाकलापहरू निर्माण गरियो। यसरी निर्माण गरिएका मापदण्डलाई राष्ट्रिय मापदण्डको रूप दिन परीक्षणको जरूरी पर्ने सिद्धान्तलाई अनुसरण गरियो। यस परीक्षणका लागि लेखनमा संलग्न हुने समूह भन्दा वाह्य समूहले गर्नुपर्ने सिद्धान्त थियो। यसको मुख्य कारण लेखन समूहका व्यक्तिहरूबाटै परीक्षण गर्दा लेखन प्रभाव पर्ने सम्भावनालाई न्यूनीकरण हुनुपर्छ भन्ने तथ्यलाई दृष्टिगत राखी परीक्षणलाई सेरिडलाई जिम्मा दिइयो।

यस कार्य सम्पन्न गर्न सेरिडले दुई समूह निर्माण गरियो। एक समूह सल्लाहकार समूह जसमा सेरिड र विभागका व्यक्तिहरू सहितका केही उच्च स्तरीय व्यक्ति पनि संलग्न थिए। अर्को समूह जिल्ला गएर नै बालबालिका तथा अभिभावकसँग बसेर प्रत्येक सूचक परीक्षण गर्न आवश्यक पर्ने सिकाइ वातावरण तथा क्रियाकलाप गर्ने समूह "अनुसन्धान समूह" निर्माण गरियो। अनुसन्धान समूहको नेतृत्व सेरिडका अनुसन्धानविद्ले गरियो। अनुसन्धान समूहले लेखन समूहद्वारा लेखिएका मापदण्डको मस्यौदालाई विषयवस्तुको सान्दर्भिकता र उपयुक्तता सम्बन्धमा (content validation) गर्ने लक्षित समूहसँग छलफल सञ्चालन गरियो। लक्षित समूहभित्र स्वास्थ्य कार्यकर्ता तथा विशेषज्ञ, पाठ्यक्रम विशेषज्ञ तथा बालविशेषज्ञ, विद्यालयमा आधारित बालविकास कार्यकमका सहजकर्ता तथा समुदायमा आधारित बालविकास कार्यक्रमका सहजकर्ता, उमेरगत बालबालिकाका अभिभावकसँग छलफल गरिएको थियो। यसका लागि अग्रिम रूपमा मस्यौदा-पत्र वितरण गरी अध्ययन सहित छलफल सुझाव लिई लेखन समूहबाट पुनः परिमार्जन गरियो।

अनुसन्धानविद्को अर्को काम प्रत्येक क्रियाकलापहरूलाई sample बालबालिकाका कति कति विद्यार्थी बालबालिकाले गर्न सकेमा त्यस सूचकलाई मान्यता दिने र कस्ता किसिमबाट कहाँ कहाँ र क-कसबाट यस सम्बन्धी प्रतिक्रिया लिने योजना बनाउने र सल्लाहकार समूहबाट यसको (approve) गराउने दायित्व थियो। यसै कार्यलाई अघि बढाउने सेरिडका कार्यसमूहले उमेरगत उपयुक्तता (age validation) प्रतिक्रिया दिने उमेर समूहमध्ये निश्चित प्रतिशतको आधारमा मात्र सूचकलाई मान्यता दिने निर्णय र आधार लिएको थियो। यस परीक्षणमा मापदण्डका सूचकहरू मात्र बालबालिकाको उमेर समूहमा उपयुक्त भए नभएको बारे शेर्पा र तामाङ जाति, पहाडी क्षेत्रका ब्राह्मण, क्षत्री, नेवार र लिम्बु जाति तथा तराई क्षेत्रका साह, यादव, थारु र मुसहर जातिका गरी जम्मा ४५९ बालबालिकाहरूमा यो पुनः मापदण्ड लेखन समूहसँग छलफल गरी आवश्यकता अनुसार पुनः परिमार्जन गरी अन्तिम रूप दिइएको थियो।

प्रयोग

सिकाइ तथा विकासात्मक मापदण्डको प्रयोग विभिन्न कार्यमा हुन सक्दछ। यसको प्रयोग प्रारम्भिक

बालविकास कार्यक्रम निर्धारण गर्न, तालिम सञ्चालन गर्न, अभिभावक शिक्षाको लागि, पाठ्यक्रम सुधारको लागि, कार्यक्रमको उपलब्धी मापनको लागि प्रयोग गरिन्छ। यसै सन्दर्भमा यस मापदण्डलाई नेपालमा बालविकास केन्द्रका बालबालिकाहरूको उपलब्धी मापनका लागि र कार्यक्रम अनुगमनका सूचकका रूपमा प्रयोग गरिएको छ। यस क्रममा शिक्षा विभागले तिन तहले अनुगमन गरी बालविकास केन्द्रका बालबालिकाहरूको राष्ट्रिय स्तरलाई निर्क्यौल गर्न सकिने लक्ष्यका साथै अनुगमन फारम तयार गरिएको छ।

सिकाइ तथा विकासात्मक मापदण्डको आधार लिई बालविकासका पाँच क्षेत्रहरूका लागि सहजकर्ताले भर्ने सूचक बनाइएको छ। जसको आधारमा स्रोत केन्द्रले आफ्ना स्रोतकेन्द्र अन्तर्गतको बालविकासका बालबालिकाहरूमध्ये कति बालबालिकाले निश्चित सिकाइ तथा विकास गर्न सकियो भनि तथ्याङ्क (Data) राख्ने र सोही आधारमा जिल्लाको राख्ने तथा जिल्लाको आधार लिई राष्ट्रका बालबालिकाको सिकाइ तथा विकासात्मक स्तर पत्ता लगाउने ध्येयले अनुगमन सूचक तयार गरिएको छ। यसरी स्तर पत्ता लगाइएमा बालविकास कार्यक्रमको उपलब्धिलाई मूल्याङ्कन गर्न सकिने दरिलो आधार फेला पर्ने अवस्था यस मापदण्डले प्रदान गर्ने गरेको छ।

निश्कर्ष:

बाल सिकाइ तथा विकास मापदण्डले बालबालिकाहरू सर्वाङ्गीण विकासप्रति अधिक केन्द्रित गरी बनाइएको हो। यस मापदण्डले निश्चित उमेरका बालबालिकाहरूलाई के कस्ता क्रियाकलाप गराउने र यी क्रियाकलापहरूको माध्यमले बालबालिकाका सर्वाङ्गीण विकासका पक्षहरूमा के कति विकास हुनुपर्छ भन्ने परीक्षणको आधारमा निश्चित गरिएको छ। मापदण्ड निर्माण गर्नुको अभिप्राय, यसको निर्माण क्रम र प्रयोगबारे जानकारीले यसको उपयुक्त प्रयोग हुन मद्दत पुऱ्याउँदछ।